# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः-
चलानी नं.:-

अबस्थामा वन कर्मचारीलाई देखी टेम्पो चालक जना २ फरार भएको र उक्त स्थानबाट माथि उल्लेखित काठ तथा टेम्पो बरामद गरि सो पश्चात सोही मिलमा चेकजाँच गर्दा विना ईजाजत प्रमाणको साल चिरान थान २१७ को ६९.२४ क्यू.फिट काठ त्रिपालले छोपी घर भित्र लुकाई छिपाई राखेको अबस्थामा बरामद गरी उक्त स: मिल संचालक जि.रौ. वृन्दावन न.पा.६ बस्ने इशा मोहम्मद साई वारदात घटनास्थलबाट भागी फरार भएकोले वरामद साल गोलिया थान ११ को १७.८३ क्यू.फिट काठ र विभिन्न नापसाईजको साल चिरान थान २१७ को ६९.२४ क्यू.फिट काठ, टेम्पो थान-२ समेत बरामद गरी काठ र टेम्पो ढुवानी गराईएको भर्पाई जिम्मा बुझि लिएको कागज थान-२ र बरामदी मुचुल्का पाना थान ३ प्रतिवेदन साथ संलग्न राखी आवश्यक कारवाहीको लागी वृन्दावन सब-डि.व.का.का स.व.अ. श्री बालकिशोर सिंहको प्रतिवेदन प्राप्त हुन आएकोले उक्त कार्यको चेकजाँच तथा अनुसन्धान गरी फरार व्यक्तिलाई पक्राउ गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्न निज स.व.अ. लाईनै खटाईएको ।

- उपरोक्त सम्बन्धमा यस कार्यालयबाट गस्तीमा खटिएका प्रहरी गस्ती टोलीले मिति २०७८/७/३० गते बिहान ३:०० बजेको समयमा जि.रौ. चन्द्रपुर न.पा. वडा नं -५ चिडियादह पानी टंकी स्थित सुत्ने खोला जंगलबाट अपरिचित व्यक्तिहरुले ५ वटा साईकलमा लोड गरी ल्याएको साल जातको चिरान थान २३ को २०.०० क्यू.फिट काठ फाली भागी फरार भएकोले सो स्थानबाट बरामद गरिएको साईकल र काठ यस
कार्यालयमा दाखिला हुन आएको हुदाँ उक्त काठ र साइकल आवश्यक कारवाहीको लागी ताहाँ कार्यालयका जमदार श्री कुन्जा प्रकाश बन्ठाको हस्ते जिम्मा लगाई पठाईएको व्यहोरा अनुरोध गरिन्छ भनी श्री ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको च.न. ७८६ मिति २०७८/७/३० गतेको पत्रबाट लेखि आएकोले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धानको लागी अधिकृत श्री राजेश कुमार साहलाई खटाईएको ।
- उपरोक्त विषयमा मिति २०७८/८/४ गते बिहान ९:०० बजेको समयमा गैडाटार सब-डिभिजन वन कार्यालय, रौतहटका वन कर्मचारीहरु टुरगस्ती गर्दै जाँदा पुर्व : चमार खोल्सी, पश्चिम : जुडिवेलाबाट लालभित्ते सा.व.उ.स. जाने बाटो उत्तर : चुरेवन डाँडाँ र दक्षिण : लालभित्ते सा.व.उ.स.को वन यति चार किल्ला भित्र हिलेखोला पोष्टको राष्ट्रिय वनमा अज्ञात काठ चोर तस्करहरुले रात विरातको मौकाछोपी साल जातको गोलिया थान -७ ल्याई झाडीमा लुकाई राखेको अबस्थामा वरामद गरी वरामद गरिएको साल जातको गोलिया थान ७ को ४३.८७ क्यू.फिट काठ शसस्त्र वन सुरक्षा शखा, चपुरको कम्पाण्ड बाहिर जि.व.पै.आ.समितिको घाटगद्दीमा ल्याई सुरक्षित साथ राखी उक्त काठ को कस्ले कसरी ल्याएका हुन खोजतलाश गरी वन ऐन २०७६ को कानुन बमोजिम कार्यवाही गरी पाउँन बरामदी मुचुल्का पाना थान- २ र भर्पाई पाना थान- १ यसै प्रतिवेदन साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ भनी अधिकृत श्री अशोक कुमार साह समेतको प्रतिवेदन प्राप्त हुन आएकाले उक्त घटनाको जाँचबुझ तथा अनुसन्धानको कार्यको लागी निज अधिकृतलाई खटाईएको ।
- मिति २०७८/८/११ गतेका दिन ११:०० बजेको समयमा यस कार्यालयबाट खटिएका वन कर्मचारीहरुले वन जंगल टुरगस्ती गर्दै जाँदा पुर्व : भुलनटार जाने बाटो, पश्चिम : धनसर खोला, उत्तर : भुलनटार गाउँ, दक्षिण : राजमार्ग यति चार किल्ला भित्रको वनजंगलमा काठ तस्करहरुले वर्षातको मौसममा रातविरातको समयमा वन कर्मचारीहरुको आँखाछली ५६",५२",५० " को साल जातको रुख ढाली उक्त रुखको पुरै विगो घटनास्थलमै रहेको सो विगो समयमा घाटगद्दी नभएमा